# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०४ अंक - ३१, २०८३ बैशाख


**महासंघको परिचय:**

राष्ट्रिय बहिरा महासंघ नेपाल सुनाइ सम्बन्धी अपाङ्गता भएका बहिरा व्यक्तिहरुको हकअधिकार, विकास, संजालीकरण तथा प्रतिनिधित्वका लागि गठित राष्ट्रिय स्तरको छाता सँगठन हो। सन् १९९५ मा ८ जिल्ला बहिरा संघहरुको पहलकदमीमा स्थापना भएको यस महासंघमा हालसम्म ५४ जिल्ला बहिरा संघहरु आबद्ध रहेका छन्। देशको संघीय संरचना अनुसार महासंघ अन्तर्गत ७ वटै प्रदेश समितिहरु गठन भै क्रियाशिल रहेका छन्। जिल्ला प्रशासन कार्यालय काठमाडौँ र समाज कल्याण परिषदमा दर्ता भएको एक गैरसरकारी, गैरराजनीतिक, गैरनाफामुखी सामाजिक संस्था हो। सन् १९९६ मा अन्तर्राष्ट्रिय मानव अधिकार सँगठन, विश्व बहिरा महासंघ (WFD) र क्षेत्रीय सचिवालय (WFD RS A/P) सँग आबद्ध रहेको छ।

महासंघले बहिरा व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न कानूनी प्रावधानहरूका लागि वकालत गर्दै आएको छ। नेपाली साङ्केतिक भाषाको विकास, विभिन्न सामग्री निर्माण, तालिम सञ्चालन तथा प्रचार-प्रसार, जिल्ला बहिरा संघहरुको स्थापना तथा क्षमता विकास, साङ्केतिक भाषाका दोभाषे उत्पादन तथा बहिरा व्यक्तिहरूको लागि दोभाषे सेवा, जनचेतना कार्यक्रम सञ्चालन गर्दै आएको छ। महासंघले बहिरा बालबालिकाहरुको गुणस्तरीय शिक्षा, संचार, श्रवणदृष्टि विहीन बालबालिकाको पहिचान, श्रोत केन्द्रको स्थापना गरी शैक्षिक विकास, शिक्षक तालिम, स्वास्थ्य सेवामा पहुँच, बहिरा नागरिकहरुलाई रोजगार तालिम तथा अधिकारको वकालत, न्यायमा पहुँच, प्राकृतिक प्रकोपबाट सुरक्षा लगायत समाजमा समानता र भेदभावरहित वातावरण निर्माण, बहिरा संस्कृतिको प्रवर्धन लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

थप अपडेटको लागी वेवसाइट, फेसबुक, ट्वीटर र युटुब हेर्दै गर्नुहोला।

## हाम्रो सम्पर्क:


**राष्ट्रिय बहिरा महासंघ नेपाल (National Federation of the Deaf-Nepal)**

पो.ब.नं. ११३३८,काठमाडौँ, नेपाल, फोन/फ्याक्स ९७७-१-४४३५५१४, ९८५११४४८०१ (SMS),

इमेल: info@deafnepal.org.np, admin@deafnepal.org.np

वेबसाइट : www.deafnepal.org.np

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# "बहिरा आवाज"

वर्ष -०४ अंक - ३१, २०८३ बैशाख


## यस अंक भित्र:

**विषय-सूची** **पेज**


१. दौँतरी शिक्षकहरूको क्षमता अभिवृद्धि कार्यशाला सम्पन्न - २
२. संसदका बैठकको प्रत्यक्ष प्रशारणमा साङ्केतिक भाषा दोभाषेको प्रबन्ध गर्न महासंघको पैरवी - ३
३. संसद बैठकको प्रत्यक्ष प्रसारणमा साङ्केतिक भाषाका दोभाषेको ब्यबस्थाको शुरुवात - ३
४. एट्लास एलाइन्सका प्रतिनिधिमा महासंघ भ्रमण - ४
५. विभिन्न विषयमा जानकारीमुलक भिडियोहरु - ४


**विविध**


६. म्याग्दी बहिरा संघको अधिवेशन सम्पन्न - ५


## १. दौँतरी शिक्षकहरूको क्षमता अभिवृद्धि कार्यशाला सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपाल तथा दृष्टिविहिन युवा संघ नेपालको आयोजनामा SCOPE for SRHR कार्यक्रम अन्तर्गत "दौँतरी शिक्षकहरूका लागि क्षमता अभिवृद्धि तालिम तथा कार्यशाला" मिति २०८२ वैशाख ३ देखि ७ गतेसम्म ललितपुरमा सम्पन्न भएको थियो। पाँच दिने तालिममा देशभरका बहिरा, दृष्टिविहीन तथा शारीरिक अपाङ्गता भएका २६ जना युवाहरू दौँतरी शिक्षकहरूको सहभागिता रहेको थियो।



*समुहगत प्रस्तुति दिदै*

तालिमको मुख्य उद्देश्य अपाङ्गता समावेशी दृष्टिकोणमा दौतरी शिक्षक तयार गरी सहभागीहरूको सहजीकरण, सञ्चार, वकालत सीप विकास गर्नु एवं उनीहरुलाई परियोजना क्षेत्रका अपाङ्गता भएका विद्यार्थी अध्ययन विद्यालयमा पठाएर विद्यार्थीहरुलाई यौन, प्रजनन स्वास्थ्य अधिकार तथा बृहत यौनिकता शिक्षा सम्बन्धी ज्ञान, क्षमता अभिवृद्धि गर्नु रहेको थियो। कार्यक्रममा मानव अधिकार, लैङ्गिकता, किशोरावस्था, प्रजनन स्वास्थ्य, गर्भनिरोधक साधन, HIV, लैङ्गिक हिंसा, डिजिटल सुरक्षा, अन्तरसम्बन्धता तथा वकालत सीप सम्बन्धी विषयहरूमा अन्तरक्रियात्मक सत्र सञ्चालन गरिएको थियो।



*तालिममा सहभागीहरु*

तालिमबाट यौन, प्रजनन स्वास्थ्य अधिकार तथा बृहत यौनिकता शिक्षा सम्बन्धी ज्ञान तथा सहजीकरण सिपको विकास भएको सहभागीहरूले जनाएका छन्।

राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन
# “बहिरा आवाज”
वर्ष -०४ अंक - ३१, २०८३ बैशाख

## २. संसद बैठकको प्रत्यक्ष प्रशारणमा साङ्केतिक भाषा दोभाषेको प्रबन्ध गर्न महासंघको पैरवी

राष्ट्रिय बहिरा महासंघ नेपालले संघीय संसदका दुवै सदनका बैठकको प्रत्यक्ष प्रशारणमा साङ्केतिक भाषा दोभाषेको व्यवस्था गरी संसदका बैठकबारे सुषुचित हुन पाउने बहिरा नागरिकहरुको अधिकार सुनिश्चित गर्न पहलकदमी गरेको छ। २०८१ फागुन २१ मा सम्पन्न निर्वाचनवाट नयाँ प्रतिनिधिसभा गठन भएपश्चात प्रतिनिधिसभाका सभामुख सहित सरकारका प्रतिनिधिहरुसंग भेटेर संघिय संसदका बैठकको प्रत्यक्ष प्रशारणमा साङ्केतिक भाषाको व्यवस्था मिलाउन आग्रह गरीएको थियो । सभामुखले संसद्का गतिविधि सबै नागरिकले देख्न र बुझ्न पाउनु नैसर्गिक अधिकार भएको उल्लेख गर्दै यसका लागि आवश्यक व्यवस्थापन गरिने बताउनुभएको थियो ।



*महासंघका पदाधिकारी र सभामुख सँग छलफलको क्रममा*




*सभामुखलाई संघीय दुवै संसदमा दोभाषे सेवा सम्बन्धि ध्यानाकर्षण पत्र बुझाउदै*

- समता प्रेसबाट साभार गरिएको समाचार यहाँ हेर्नुहोस्।

## ३. संसद बैठकको प्रत्यक्ष प्रसारणमा साङ्केतिक भाषाका दोभाषेको व्यवस्थाको सुरुवात

राष्ट्रिय बहिरा महासंघ नेपालको वकालत पैरवीले संघीय संसद्को दुवै सदन (प्रतिनिधिसभा र राष्ट्रिय सभाको बैठकको प्रत्यक्ष प्रशारण) का बैठकहरू साङ्केतिक भाषामा प्रत्यक्ष प्रसारणको सुरुवात भएको छ। यो विषय विगतका वर्षहरूमा संसद्मा निरन्तर माग हुँदै आएको विषय थियो। सभामुख डोलप्रसाद अर्यालले दलहरूको परामर्श समेतका आधारमा संसद्को प्रत्यक्ष प्रसारणमा साङ्केतिक भाषाको माध्यमबाट सुरुवात भएको छ।




*संघीय संसदको प्रत्यक्ष प्रसारणमा दोभाषे सेवा*



C.D.O Regd.No.: 138/052/53,SWC, Aff. No.:3280/052/53
राष्ट्रिय बहिरा महासंघ नेपाल
National Federation of the Deaf Nepal (NDFN)
A National Umbrella Organization Affiliated to World Federation of the Deaf (WFD)
Kathmandu, Nepal

मिति: २०८३ बैशाख २८ गते

संघीय संसदका बैठकको प्रत्यक्ष प्रशारणमा सांकेतिक भाषाका दोभाषेको व्यवस्था गरिएको ऐतिहासिक उपलब्धि एवं दिनका अवसरमा राष्ट्रिय बहिरा महासंघ नेपालद्वारा जारी प्रेश विज्ञप्ति

नेपालको दुइ सदनात्मक संघीय संसद प्रतिनिधिसभा र राष्ट्रिय सभाका बैठकहरु प्रत्यक्ष प्रशारणमा मिति २०८३ बैशाख २८ गतेदेखि नेपाली सांकेतिक भाषाको दोभाषेको व्यवस्था गरिएको उपलब्धि एवं ऐतिहासिक दिनका अवसरमा नेपालका आम बहिरा नागरिकहरुको छाता संगठन राष्ट्रिय बहिरा महासंघ नेपाल खुशी एवम् गौरव व्यक्त गर्दछ। संसदका बैठक एवम् गतिविधिहरु सम्बन्धमा बहिरा समुदायलाई सुसुचित गर्नका लागि संघीय संसदका बैठकको प्रत्यक्ष प्रशारणमा सांकेतिक भाषाको दोभाषेको व्यवस्था गर्न राष्ट्रिय बहिरा महासंघ नेपालले लामो समयदेखि पहलकदमी गर्दै आएको थियो। संसद बैठकको प्रत्यक्ष प्रशारणमा दोभाषेको व्यवस्था गर्ने प्रयासले मुर्त रुप लिएको सुखद उपलक्षमा महासंघ सम्पूर्ण बहिरा समुदायमा हार्दिक बधाई ज्ञापन गर्दछ। संसद बैठकको प्रत्यक्ष प्रशारणमा सांकेतिक भाषाको दोभाषेको व्यवस्थाबाट संसदमा भएका नीति तथा कार्यक्रम, बजेट, कानुन निर्माण, राष्ट्रिय महत्व एवं समसामयिक छलफल लगायतका बिभिन्न संसदीय गतिविधिहरुप्रति बहिरा समुदायको पहुँच अभिवृद्दी हुने, प्रत्यक्ष सुसुचित एवं लाभान्वित हुने विश्वास महासंघले लिएको छ।

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि संयुक्त राष्ट्रसंघीय महासन्धि २००९, नेपालको संविधान २०७२, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि ऐन २०७४ मा बहिरा समुदायको सुचना तथा संचारमा पहुँच सुनिश्चित गर्ने स्पष्ट व्यवस्थाहरू गरिएका छन्। संघीय संसदका बैठकको प्रत्यक्ष प्रशारणमा सांकेतिक भाषाको दोभाषेको व्यवस्था गर्ने सम्बन्धि राष्ट्रिय बहिरा महासंघ नेपालको माग उत्सुकतापूर्वक मनन गरेर तत्काल दोभाषेको व्यवस्थापन गर्नमा आफै सक्रियतापुर्वक सरिक हुनुभइ बहिरा समुदायको सुचनाको हकको कार्यान्वयनका तदारुकताका देखाउनु भएकोमा प्रतिनिधिसभाका सम्माननीय सभामुखज्युप्रति महासंघ एवं सिंगो बहिरा समुदाय हृदयदेखि नै धन्यवाद ज्ञापन गर्दछ। साथै संसदको बैठकको प्रत्यक्ष प्रशारणमा सांकेतिक भाषाको व्यवस्था गरी बहिरा नागरिकहरुको अधिकार प्रवर्धनमा प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनुहुने संघीय संसद सचिवालय, नेपाल सरकार एवं मातहतका निकाय लगायत सम्बन्धित सबैमा बहिरा महासंघ नेपाल हार्दिक आभार व्यक्त गर्दछ। साथै बहिरा समुदायको सुचना तथा संचारमा थप पहुँच एवं समावेशीकरण थप सहकार्यका लागि समेत सम्बन्धित सबैमा महासंघ आव्हान गर्दछ।

सिताराम ओझा
महासचिव

सन्तोष के. सी
अध्यक्ष

Leading Deaf Community Nepal /Human Right with Sign languege

*प्रेस बिज्ञप्ती*

समावेशी, प्रविधिमैत्री तथा प्रभावकारी संसदीय अभ्यासलाई थप सुदृढ बनाउने उद्देश्यले शुरू गर्न लागिएका यी सेवाहरूले संसद्को कार्यसम्पादनलाई अझ सहज, पहुँचयोग्य र व्यवस्थित बनाउने विश्वास लिइएको छ।

- अनलाइन खबरबाट साभार गरिएको समाचार यहाँ हेर्नुहोस्।

## ४. एट्लास एलाइन्सका प्रतिनिधिमा महासंघ भ्रमण

Atlas Alliance Norway र The Norwegian Association of the Blind and Partially Sighted (NABP) का प्रतिनिधिहरू Anders र Lykke सहितको टोलीले राष्ट्रिय बहिरा महासंघ नेपालको केन्द्रिय कार्याल भ्रमण गरेका थिए। भ्रमण पश्चात नेपालमा बहिरा समुदायको अवस्था, राष्ट्रिय बहिरा महासंघ नेपालका क्रियाकलाप, उपलब्धि तथा आगामी योजना एवं सन्चाल हुन लागेको SIGNO सहयोग परियोजना सम्बन्धमा छलफल गर्नुभएको थियो। भ्रमणका क्रममा प्रतिनिधिहरूसँग महासंघले बहिरा, श्रवणदृष्टि विहिन तथा जटिल अपाङ्गता भएका बालबालिकाहरूको शिक्षा, सिकाइ, सहायता सेवा, जनचेतनामूलक तथा सहभागितामूलक कार्यक्रमको अवस्था, उपलब्धी, चुनौती लगायतका पक्षमा जानकारी गराएको थियो।


*परियोजनाको सामुहिक छलफल*

## ५. विभिन्न विषयमा जानकारीमुलक भिडियोहरु

राष्ट्रिय बहिरा महासंघ नेपालले बहिरा समुदायको सूचना र सञ्चार पहुँचमा नेपाली साङ्केतिक भाषाको भिडियो निर्माण कार्यलाइ निरन्तरता दिदै आइरहेको छ। बहिरा समुदायका लागि सुचनामुलक, जनचेतनामुलक, उत्प्रेरणामुलक, उत्पादनमुलक तथा सहभागितामुलक भिडियो सामग्रीहरु प्रसारण गरिएको छ। वैशाख महिनामाको जानकारीमुलक भिडियो तल हेर्नुहोस्।

१. "तातो दिन तथा तातो लहरका सम्भावित असर तथा सुझावहरू के के हुन ?" जल तथा मौसम विज्ञान विभागको सूचना भिडियो यहाँ हेर्नुहोस्।
२. "बहिरा युवा व्यक्तिहरूले सञ्चालन गरेको “Peaceful Bakery” Travis Fein को Facebook बाट भिडियो यहाँ हेर्नुहोस्।
३. "फोन गरेर “OTP भन्नुस्” भन्नेहरू प्रायः ठग हुन्छन्। सचेत रहौं, सुरक्षित रहौँ। " सूचना भिडियो यहाँ हेर्नुहोस्।
४. नेपाल टेलिभिजनले दैनिक बेलुका ८ बजे पनि नेपाली साङ्केतिक भाषा दोभाषेसहित समाचार प्रसारण सुरु गरेको वैशाख महिनाको समाचारहरुको भिडियो समाचार १, समाचार २ र समाचार ३ हेर्नुहोस्।
५. संघीय संसदको संयुक्त बैठकलाई सम्बोधन गर्नुहुदैं राष्ट्रपति रामचन्द्र पौडेल भिडियो यहाँ हेर्नुहोस्।

NDFN 1995

राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

"बहिरा आवाज"

वर्ष -०४ अंक - ३१, २०८३ बैशाख


# विविध

## ६. म्याग्दी बहिरा संघको अधिवेशन सम्पन्न

मिति २०८३ वैशाख १३ गते सम्पन्न म्याग्दी बहिरा संघ, म्याग्दीको १० औं वार्षिक साधारण सभा तथा ४ औं अधिवेशनबाट अध्यक्ष कृष्ण बहादुर क्षेत्रीको नेतृत्वमा ७ सदस्य कार्यसमिति निर्वाचित भएको छ । नयाँ कार्यसमितिमा उपाध्यक्ष - लोकेन्द्र खड्का, सचिव - जितबहादुर सुनार, कोषाध्यक्ष - सुनिता बरुवाल तथा सदस्यहरुमा - प्रिया पाइजा, संगीता खत्री र मिनबहादुर किसान निर्वाचित भएका छन् ।




*नवनिर्वाचित कार्यसमितिहरुको सामुहिक तस्बिर*

**हाम्रा साझेदार संस्थाहरु :-**




**"साङ्केतिक भाषामा सञ्चार गर्न पाउने बहिरा नागरिकको नैसर्गीक अधिकार सुनिश्चित गर्नु सरकारको दायित्व हो ।"**

* समाप्त !!! *

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# "बहिरा आवाज"

वर्ष -०४ अंक - ३१, २०८३ बैशाख


**सचेतनामूलक सूचना सामाग्री :**

